# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, भदौ २२ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(क)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७७**

प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम “प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७७” रहेको छ ।

(२) यो नियमावली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम ३ मा संशोधनः प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ (यसपछि “मूल नियमावली” भनिएको) को नियम ३ को उपनियम (१) मा रहेको "कार्यान्वयन" भन्ने शब्दको सट्टा "सिफारिस" भन्ने शब्द र नियम ३ को उपनियम (३) मा रहेको “भाद्र १५” भन्ने शब्दहरुको सट्टा “भाद्र मसान्त” भन्ने शब्दहरु कायम गरिएका छन् ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को उपनियम (१) को खण्ड (ख) मा रहेको "बमोजिम" भन्ने शब्द पछि "संघ तथा स्थानीय तहसँग" भन्ने शब्दहरु र खण्ड (घ) मा "आयोजनाको स्वीकृति प्रदान गर्ने" शब्दहरुको सट्टा "आयोजना कार्यान्वयनको लागि सिफारिस गर्ने" भन्ने शब्दहरु कायम गरिएका छन् ।

४. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को उपनियम (१) को खण्ड (ग) मा रहेको "मार्गदर्शन” भन्ने शब्दको सट्टा "सिफारिस” शब्द र "कार्तिक

१५" भन्ने शब्दहरुको सट्टा "कार्तिक मसान्त" भन्ने शब्दहरु कायम गरिएका छन् ।

५. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को उपनियम (१) को खण्ड (च) मा रहेको "ब्लड बैंक" भन्ने शब्दहरुको पछाडि "उपकरण सहितको स्वास्थ्य प्रयोगशाला", खण्ड (ठ) मा "सामुदायिक विद्यालयमा" भन्ने शब्दरु पछि "मिल्दो उपकरण सहितको" भन्ने शब्दरु एवं "आयोजना" भन्ने शब्द पछाडि कोष्ठभित्र "प्रयोगशाला भवन निर्माण तथा उपकरण व्यवस्थापनको लागि छुट्टा छुट्टै आयोजना प्रस्ताव गर्नु पर्ने" र खण्ड (ड) मा रहेको "विगतमा सञ्चालनमा आएका" भन्ने शब्दहरुको सट्टा "यस नियमावली बमोजिम सञ्चालन भई सम्पन्न हुन नसकेका" भन्ने शब्दहरु कायम गरिएका छन् । साथै, मूल नियमावलीको नियम ६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) कायम गरिएको छः-

"(२) उपनियम (१) बमोजिम कार्यक्रम छनौट गर्दा देहाय बमोजिमका कार्यक्रमहरु छनौट गर्न पाइने छैनः-

(क) राजनीतिक दल सम्बद्ध संघ संगठनको पूर्वाधार विकास सम्बन्धी कार्यक्रम,

(ख) जग्गा खरिद वा मुआब्जा वितरण गर्ने कार्यक्रम,

(ग) सामग्री खरिद गरी सर्वसाधारणलाई वितरण गर्ने कार्यक्रम,



खण्ड ४) अतिरिक्ताङ्क ९(क), प्रदेश राजपत्र भाग २ मिति २०७७।०५।२२

(घ) गैरसरकारी संस्था वा सहकारी संस्थामार्फत कार्यान्वयन गर्ने कार्यक्रम, र

(ङ) पूर्वाधार विकासभन्दा बाहेकका अन्य प्रकृतिका कार्यक्रम ।"

६. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को उपनियम (१) मा रहेको "कार्तिक १५" भन्ने शब्दहरुको सट्टा "कार्तिक मसान्त" भन्ने शब्दहरु र उपनियम (११) मा रहेको "पचास लाख" भन्ने शब्दहरुको सट्टा "पैंतिस लाख" भन्ने शब्दहरु र सोही उपनियमको प्रतिवन्धात्मक वाक्याङ्समा रहेको "दश आयोजनाहरु" भन्ने शब्दहरुको सट्टा "पन्ध्र आयोजनाहरु" भन्ने शब्दहरु कायम गरिएका छन् । साथै उपनियम (६) को सट्टा देहायको उपनियम (६) कायम गरी उपदफा (१४) र (१५) थप गरिएका छन्:-

"(६) कुनै आयोजनाको सम्झौता फागुन १५ भित्र हुन नसकेमा वा गम्भीर विवाद भई आयोजना कार्यान्वयन हुन नसक्ने अवस्था परेमा समितिले सोको प्रमाण सहित आवश्यकता र औचित्यता पुष्ट्याई गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई फागुन मसान्तभित्र एकपटकका लागि मात्र यस नियमावली बमोजिम अर्को आयोजना छनौट गरी कार्यान्वयनका लागि सिफारिस गर्न सक्नेछ ।

(१४) माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली बमोजिम आयोजना छनौट गर्दा एउटा आयोजनाभित्र एकभन्दा बढी आयोजना समावेश गरी आयोजना छनौट गर्न पाइने छैन ।

(१५) संघ तथा स्थानीय तहको साझेदारीमा कार्यान्वयन हुने आयोजना छनौट गर्दा आयोजनाको कूल लागत अनुमान, कार्यक्रमबाट विनियोजन हुने रकम र नियम ८ बमोजिमको रकम समेतको सुनिश्चितता गरी संघ तथा सम्बन्धित स्थानीय तहको सहमतिको आधारमा आयोजना छनौट गर्नु पर्नेछ ।

(१६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७७।७८ मा कोभिड-१९ सँग सम्बन्धित अस्पताल, उपकरण सहितको प्रयोगशाला निर्माण सम्बन्धी कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी छनौट गर्नु पर्नेछ ।"

७. <u>मूल नियमावलीको नियम ८ मा संशोधनः</u> मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेको "सम्बन्धित स्थानीय तहले" भन्ने शब्दहरुको अगाडि "संघ तथा" भन्ने शब्दहरु र "आफ्नो मिल्दो आयोजनाबाट" भन्ने शब्दहरुको सट्टा "कूल आयोजना रकमको कम्तीमा २० प्रतिशत" भन्ने शब्दहरु कायम गरिएका छन् ।





८. <u>मूल नियमावलीको नियम १४ मा संशोधनः</u> मूल नियमावलीको नियम १४ को उपनियम (१) मा रहेको "७५" भन्ने अंकको सट्टा "७०" र "२५" भन्ने अंकको सट्टा "३०" कायम गरिएको छ ।

९. मूल नियमावलीको नियम १८ पछि देहायको नियम १९ थप गरी नियमको क्रम मिलाइएको छः-

"१९. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस नियमावलीमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।"

१०. <u>मूल नियमावलीको अनुसूची-१ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-१ को तालिकामा "सञ्चालन हुने आयोजनाको विवरण" को ठाडो स्तम्भ पछि "खर्च शीर्षक नं." को ठाडो स्तम्भ थप गरिएको छ ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७७।५।२२

आज्ञाले,
किशोर कुमार चौधरी
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली ।मुल्यः रु. ५।-